स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री रेखा थापा आगामी फागुनमा आमा बन्दैछिन् । चार महिनाको गर्भ हुर्किरहेको समयमा उनले आफ्नो निर्माण समेत रहेको फिल्म 'उपहार'मा नृत्यदेखि एक्सनसम्म गरेकी थिइन् जुन फिल्म महाशिवरात्रीको दिन पारेर आगामी फागुन २५ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्म रिलिजकै महिनामा आमा पनि बन्न लागेकाले रेखा उत्साहित छिन् । तर, रेखाले आफ्नो पहिलो सन्तानलाई नेपालमा नभइ संयुक्त राज्य अमेरिकामा जन्म दिन लागेको खबर बाहिरिएको छ ।

**आजको विचार...**



गणतन्त्रका...
(दुई पेजमा)

डा.नारायण चालिसे



दिनेश राउतको निर्देशनमा बन्न लागेको आगामी फिल्म 'पूजार सार्की'को शीर्ष भूमिकामा आर्यन सिग्देल र प्रदीप खड्का अनुबन्धित भएका छन् । राउतले सामाजिक संजालबाट यी दुई अभिनेतालाई अनुबन्धित गरिएको जनाएका छन् । राउतले आर्यनसँग पछिल्लोपटक 'क्लासिक' र प्रदीपसँग 'प्रकाश'मा काम गरेका थिए । 'धेरै समयअघि देखि यी दुई कलाकारसँगै एकै चलचित्रमा काम गर्दै भन्ने विषयमा दुबै कलाकारलाई दुई मुख्य पात्रको भूमिकामा रहने जानकारी दिन चाहन्छु' राउतले लेखेका छन् ।

❐ वर्ष २९ ❐ अंक १२६ ❐ २०८० मंसिर १८ गते सोमबार 4 December 2023, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### विश्वविद्यालयमा विस्फोट हुँदा चारको मृत्यु

(रासस/सिन्हुवा) —

**मनिला,** मंसिर १७/फिलिपिन्सको दक्षिणी प्रान्त लानाओ डेल सुरमा रहेको मिन्डानाओ स्टेट विश्वविद्यालयको एउटा जिमभित्र आइतबार बिहान विस्फोट हुँदा कम्तीमा चारको मृत्यु र अन्य ५० जना घाइते भएको स्थानीय सेना र प्रहरीले बताएका छन् । सेनाको प्रथम इन्फेन्ट्री डिभिजनका कमान्डर मेजर जनरल गेब्रियल विरेले मृत्यु हुनेमा तीन महिला र एक पुरुष रहेको जानकारी दिए । स्थानीय प्रहरीका अनुसार स्थानीय समयअनुसार बिहान ७ बजे विद्यार्थी र शिक्षक जिमभित्र क्याथोलिक प्रार्थना सभाका लागि जम्मा हुँदा विस्फोट भएको थियो । प्रहरीले विस्फोटमा प्रयोग गरिएको उपकरणको जाँच गरिरहेको जनाएको छ । मिन्डानाओ स्टेट विश्वविद्यालयले उक्त संवेदनहीन र भयावह कृत्यको निन्दा गर्दै घटनाबाट अत्यन्त दु:खी र स्तब्ध भएको जनाएको छ । विश्वविद्यालयले अर्को सूचना नभएसम्म कक्षाहरू स्थगित गर्नेसमेत निर्णय गरेको छ । साथै मरावी सहरस्थित विश्वविद्यालय परिसरको सुरक्षाका लागि थप सुरक्षाकर्मी परिचालन गरिएको छ । यो सहर राजधानी र मिन्डानाओ द्वीपमा लानाओ डेल सुरको सबैभन्दा ठूलो सहर हो । सन् २०१७ मा स्थानीय आतङ्कवादीहरूले इस्लामिक स्टेटलाई समर्थन गरेको दाबी गरेका थिए । इस्लामिक स्टेटमा अबु सय्यफ समूहको एउटा गुट, माउते समूह र अन्य समावेश छन् ।

# पर्यटन प्रवर्द्धन गर्न वक्तृत्वकला

## विद्यार्थी भन्छन् 'लुम्बिनी प्रदेशमा पर्यटनको अपार सम्भावना छ, त्यसको प्रवर्द्धन गरौं'

रामचन्द्र रायमाझी —

पाल्पा, मंसिर १७/लुम्बिनी प्रदेशको पर्यटन प्रवर्द्धन गर्न पाल्पामा वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको छ । विद्यार्थीलाई पर्यटनको आवश्यकता र महत्वको बारेमा जानकारी गराई पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पाल्पाको तानसेन नगरपालिका- ३ भगवतीटोलस्थित पाल्पा प्यारागन ईङ्गलिस बोर्डिङ्ग स्कूलमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको हो ।

नेपाल टुरिजम बोर्ड, टुरिजम रिसर्च एण्ड ट्रेनिङ इन्स्टिच्यूट (टिआरटिआई), यूएनडीपी र जीटीटीपीको सहकार्यमा आइतबार 'लुम्बिनी प्रदेशको पर्यटन र सम्भावना' विषयक वक्तृत्वकला प्रतियोगिता गरिएको हो । आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विद्यार्थीहरुमा पर्यटन सचेतना एवं शिक्षालाई जोड दिर्दै विद्यार्थीहरुमाझ पर्यटन सम्बन्धित वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको टुरिजम रिसर्चका निर्देशक मदन बरालले बताए । ७ वटै प्रदेशमा यस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको उनको भनाई छ । विद्यार्थीहरु भविष्यका कर्णदार भएकाले उनीहरुलाई पर्यटन सम्बन्धित जानकारी लिन र सम्भावनाहरुको खोजी गरी भोलिका दिनमा पर्यटन व्यवसायीलाई माथि उकास्ने अपेक्षा सहित विद्यालय विद्यालयमा पुगेर यस्ता कार्यक्रम गरिएको निर्देशक बरालले बताए ।




प्रतियोगीहरुले पाल्पासहित लुम्बिनीका १२ वटै जिल्लामा पर्यटकीय प्रचुर सम्भावना रहेको भन्दै तिनीहरुको उचित व्यवस्थापन गरी प्रवर्द्धन गरिनुपर्नेमा जोड दिएका थिए । उनीहरुले घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई लम्ब्याउनका लागि त्यस्तै खालको वातावरण सिर्जना गर्नुपर्ने, पर्यटकहरुलाई आटो, ढेडो जस्ता स्थानीय खानाहरु खुवाई नेपालीपन र स्वाद प्रदान गर्न आवश्यक रहेको धारणा व्यक्त गरेका थिए ।

प्रतियोगिताको उद्घाटन गर्दै तानसेन नगरपालिका- ३ का वडा अध्यक्ष बाबुरत्न शाक्यले लुम्बिनी प्रदेश पर्यटनको सम्भावना भएको प्रदेश भएकाले पनि विद्यालय तहबाट पर्यटन सम्बन्धी कार्यक्रम हुनु प्रशंसनिय रहेको बताए । यस्ता प्रतियोगिताले पर्यटन क्षेत्रको विकासमा ठूलो सहयोग पुऱ्याउनेमा उनले विश्वास व्यक्त गरे । स्कूल व्यवस्थापन समितिका अध्यक्ष जगदीश भट्टराईले विद्यार्थीहरु समक्ष पर्यटनका बारेमा प्रतियोगिता सञ्चालन गर्ने/गराउन महत्वपूर्ण भूमिका खेलेको भन्दै संस्थाहरुप्रति आभार एंव धन्यवाद व्यक्त गरे । उनले देशको आर्थिक मेरुदण्डको रुपमा रहेको पर्यटन व्यवसायीलाई प्रवर्द्धन गर्ने गरी विद्यालयतमा पुगेर गरेका यस्ता कार्यक्रमहरुले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । स्कूलका प्रिन्सिपल गंगाबहादुर खत्रीले कितावी ज्ञानमा मात्र सिमित विद्यार्थीहरुका लागि प्रतियोगिताले पर्यटन प्रति पनि खोज अनुसन्धान गर्न सहयोग पुग्ने बताए । उनले भने 'हाम्रो शिक्षा प्रणालीमा प्राप्तांकले विद्यार्थीमा योग्यतताक्रम हासिल भए पनि व्यवहारिक ज्ञान नहुने हुँदा समस्या भएको छ ,यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने छ ।' त्रिभुवन बहुमुखी क्याम्पसका नेपाली विभाग प्रमुख तथा प्रतियोगिताका निर्णायक मण्डल टंक प्रसाद पन्तले विद्यालय पाठ्यक्रममा पर्यटन सम्बन्धी कुराहरु समावेश हुनुपर्नेमा जोड दिए । प्रतियोगितामा केकी बस्याल प्रथम, आरती बस्याल द्वितीय र सियसी सारू तृतीय भएका छन् । उनीहरूलाई पुरस्कृत गरिएको छ । प्रतियोगितामा ९ जना विद्यार्थीले भाग लिएका थिए । सोही अवसरमा स्कूलका प्रिन्सिपल गंगाबहादुर खत्रीको संरक्षकत्वमा शिक्षक भीमा कुमारी चापागाइँ संयोजक र रोसनी थापा क्याप्टेन रहने गरी ११ सदस्यीय पर्यटन क्लब समेत गठन गरिएको छ । जसको सदस्यमा विद्यार्थीहरु केकी बस्याल, अंकिता बस्याल, सितास्मा बस्याल, रेजिना पाण्डे, दिया रेश्मी, गोविन्द जर्घा, दिलबहादुर दर्लामी, आयोन गाहा रहेका छन् । प्रतियोगिताको निर्णायक मण्डलमा त्रिभुवन बहुमुखी क्याम्पसका नेपाली विभाग प्रमुख टंक प्रसाद पन्त र नेपाली विभागका तुल्सीराम पोखरेल रहेका थिए । कार्यक्रममा सहभागी पर्यटन व्यवसायी धनिश्वर बस्याल, पाल्पा विकास केन्द्रका कार्यक्रम संयोजक तथा पत्रकार किरण कौसल लगायतले नेपालमा पर्यटनमार्फत समृद्धि र उन्नति गर्न सकिने भन्दै विद्यालय तहदेखि नै विद्यार्थीलाई पर्यटनका बारेमा जानकारी गराउन गरिएका यस्ता कार्यक्रम प्रशसंनिय रहेको बताए । स्कुल व्यवस्थापन समितिका अध्यक्ष जगदीश भट्टराईको अध्यक्षता, शिक्षक भीमा चापागाइँको स्वागत, शिक्षक रामु तिमिल्सीनाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# वालिङका सबै घरमा नम्बर प्लेट टाँसिने

**वालिङ (स्याङ्जा),** मंसिर १७/स्मार्ट सिटीको अवधारणा अनुसार अगाडि बढ्दै गरेको स्याङ्जाको वालिङ नगरपालिकाले नगरभित्रका सबै घरमा नम्बर प्लेट टाँस्ने अभियान थालेको छ । नगरपालिकाको 'सामुदायिक स्वास्थ्य तथा नर्सिङ घरदैलो कार्यक्रम' अन्तर्गत घरमा नम्बर प्लेट टाँस्ने अभियान थालिएको हो ।

संघीय सरकार स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग र वालिङ नगरपालिकाबीच एक समझदारी पत्रमा हस्ताक्षर भएसँगै नगरभित्रका प्रत्येक घरमा नम्बर प्लेट टाँस्ने अभियान थालिएको नगर प्रमुख कृष्ण खाँणले बताए । नगरका चौध वटै वडामा रहेका प्रत्येक नागरिकको



स्वास्थ्य स्थितिको अभिलेखीकरणसहित घर जिपिएस प्रणालीबाट पत्ता लगाउन सक्ने गरी नम्बर प्लेट टाँसिएको उनको भनाइ थियो । "यो कार्यक्रममार्फत प्रत्येक नागरिकको स्वास्थ्य स्थितिका बारेमा नगरपालिका जानकार भइरहने र सोही बमोजिम अन्य कार्यक्रम तथा नीति तयार गर्न सघाउ पुग्ने देखिन्छ", खाँणले भने, "वडा नं ३ को माझकोटबाट सुरु भएको यो अभियानलाई एक महिनाको अवधिमा नगरका सबै वडामा पुऱ्याउँछौं ।"

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## जलवायु सम्मेलनले देखाएको चासो

यूएईको दुबईमा सञ्चालन भइरहेको जलवायु परिवर्तनसम्बन्धी २८ औँ सम्मेलन (कोप–२८) लाई सर्वत्र चासोको विषयका रुपमा हेरिएको छ । जलवायु परिवर्तन विश्वभर पेचिलो विषय बन्दै गइरहेको सन्दर्भमा सम्मेलनमा उठेका विषयहरुले सबैको ध्यान त्यतै केन्द्रित गरेको छ । सम्मेलनमा नेपालको तर्फबाट प्रधामन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालका हिमाल जोगाइदिन सबै समक्ष गरेको आग्रहलाई सकरात्मक रुपमा लिनुपर्छ । जलवायु उत्सर्जनमा शून्य योगदान रहेका नेपालजस्ता मुलुकहरूले जलवायु परिवर्तनको हानिकारक प्रभाव भोग्नुपरेको दाहालले सम्मेलनमा स्पष्ट पारेका छन् । उनले नेपालमाथि भएको डरलाग्दो अन्यायका कारण यहाँका जनता पहिरो, बाढी, जंगलको डढेलो, हिमशृङ्खला पग्लिने, खडेरी आदि जस्ता जलवायुजन्य प्रकोपबाट नराम्ररी प्रभावित भएकाले त्यसलाई रोक्न सबैले सहयोग गरिदिनुपर्नेमा जोड दिएका थिए । प्रधामन्त्रीको आग्रहलाई संयुक्त राष्ट्र संघका महासचिवले समेत उठान गर्नु र अन्य सदस्य राष्ट्रहरुले समेत जोडतोडका साथ समर्थन गर्नुले राम्रो सन्देश प्रवाह गरेको छ ।

सरकारले विश्व समुदायमा नेपालको पर्यावरण जोगाउने पहलमा गरेको योगदान र हरित गृह ग्याँस उत्सर्जनले पारेको असरबारे बुझाएर क्षतिपूर्तिको माग गर्ने उपयुक्त अवसरका रुपमा नेपालले यस सम्मेलनलाई लिनुपर्छ । सोही अनुसार प्रधानमन्त्रीले सम्मेलनलाई उपयोग गर्ने अपेक्षा पनि गर्न सकिन्छ । ठूला एवं धनी राष्ट्रहरूले प्राकृतिक स्रोत साधनको अत्यधिक दोहन गरेर तीव्र औद्योगिकीकरण गरिरहेका छन् । उनीहरूले गर्ने प्राकृतिक स्रोत र ऊर्जाको व्यापक प्रयोग तथा मानव सिर्जित समस्याका कारण उच्च मात्रामा हरितगृह ग्यास उत्पादन भइरहेको छ । जसका कारण पृथ्वीको तापमान बढ्दै गएको छ । तापमान बढ्दै जाँदा हाम्रा सुन्दर हिमालको हिउँ पग्नि थालेका छन् । समयमा हिउँ नपर्ने, भएको हिउँ पनि पग्लिने र हिमताल बढ्दै गएर कुनै पनि बेला बाढी पहिरोको जोखिम मोल्नुपर्ने अवस्थामा रहेको छ । यसतर्फ अन्य राष्ट्रहरुले समेत गम्भीरताका साथ लिन आवश्यक छ । अहिलेको अवस्थामा अन्य देशहरुले समेत नेपाललाई सहयोग नगर्ने हो भने विश्वमै जोखिम हुन सक्छ । त्यसतर्फ सबै सदस्य राष्ट्रहरुले हेक्का राख्न आवश्यक छ । यसैले पनि अहिलेको सम्मेलनलाई चासोका साथ हेरिएको छ । तसर्थ सम्मेलनले विश्वमै देखिएको जलवायु परिवर्तनको असरलाई कम गर्नका लागि सबै सदस्य राष्ट्रहरु एक जुट भएर अगाडि बढ्न आवश्यक छ ।

### Opinion @ Social Network

सम्बन्धलाई हैसियतको नजरले कहिले पनि नहेर्नुस्
किनकी अक्सर साथ निभाउने गरिब नै हुन्छन् मन बिनाको धनको कुनै अर्थ हुँदैन।
(सम्झना दंगाल मगरको फेसबुक स्टाटसबाट www.facebook.com/magarnisamjhana.dangal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गणतन्त्रका परिसूचकहरू ऋणात्मक बन्दै गएका हुन् ?



डा.नारायण चालिसे

*गणतन्त्र ल्याएर देश र जनतालाई ठूलो गुन लगायौँ भन्नेहरूको अहङ्कार जति अग्लो छ त्यति नै गहिरो उनीहरूको गणतन्त्रप्रतिको प्रतिबद्धता छैन । सिद्धान्त, आचरण र व्यवहारमा एकरूपता छैन । अर्कोतिर गणतन्त्रको श्रेय लिन तँछाडमछाड गरिरहेका पार्टीहरूले पनि आफूलाई निखरा प्रस्तुत गर्न सकिरहेका छैनन् । छिनभरमै कुनै पनि व्यवस्था पल्टिँदैन । प्रजातन्त्र ल्याउँदा होस् वा गणतन्त्र ल्याउँदा होस् मूलधारका जनताले मूल्य चुकाउनु परेको हो ।*

यो हप्ता पनि राजनीतिको गर्मागर्मीमै बित्यो । राजनीति पनि जनता अलमल्याउने, नागरिकलाई सास्ती दिने अनि भय सिर्जना गर्ने कामकै निम्ति खोपडी खर्च गरिएको देखियो । राजनीति उद्देश्यमूलक ढङ्गले अगाडि नबढेपछि भए गरेका कामहरू पनि प्रहसनजस्ता लाग्ने रहेछन् । त्यस हिसाबले यो हप्ता प्रहसनहरू हेरेरै, सुनेरै बित्यो । सत्ताधारी, सत्ताकाङ्क्षी अनि व्यवस्था विरोधीहरूका भाँतीभाँतीका कुतर्क अतिशय चेष्टा अनि अतिवादी अभियानले गर्दा निर्णायक भनिएका गतिविधिहरू प्रहसनजस्ता लाग्थे । संवाद अनि वादविवादकै दृश्यहरू सडकमा, सदनमा अनि सञ्चारमाध्यममा प्रदर्शन भइरहे । सरकार, प्रतिपक्ष अनि मार्जिनल मानिएका पक्षहरूको संयुक्त जस्तो देखिने प्रहसनका झाँकी उदेक लाग्दै देखिन्थे । एकथरि सत्तामा रहेर, अर्कोथरि प्रतिपक्षमा रहेर अनि यी सबैभन्दा पृथक कतै पूर्वसत्तावादीजस्ता कतै गणतन्त्र विरोधीजस्ता लाग्ने सबै पक्षले आन्दोलनलाई वा प्रहसनलाई मलजल गरेको देखिन्थ्यो । एकथरिले आजै अहिल्यै गणतन्त्र फालिन्छझैँ गरी दम्भ देखाइरेहको सुनिन्थ्यो । सत्ताधारी अनि सत्ताकाङ्क्षीमा पनि गणतन्त्र गइहाल्ने त होइन भन्ने भय सिर्जना भएजस्तो देखिन्थ्यो । परिवर्तनकारी आम नागरिक भने दुबैतर्फबाट केही हुनेवाला छैन भन्नेमा ढुक्क नै थिए । सरकारदेखि दिक्क भएका तर गणतन्त्रको विकल्प खोजिनहाल्नेको संख्या अझै पनि देशमा बढी नै छ । उनीहरूपनि सन्तुष्ट भएर सत्ता जोगाइदिने अभियानमा त छैनन् तर यही व्यवस्थामा आजको भन्दा राम्रो काम हुन आवश्यक छ भन्ने पक्षमा आफूलाई सहनशील बनाइराखेका छन् ।

अहिले जसरी जनभावनाको कदर हुन सकेको छैन, जनताका खास समस्या र देशको दीर्घकालीन अभ्युत्थानमा अभिरुचि राखिएको छैन नितान्त सत्ता बनाउने र बिगार्ने, सत्तामा जाने र सत्ताबाट फाल्ने प्रकृतिको जुन चलखेल चलिरहेको छ यस्तो शासकीय स्वरूपको अन्त्य हुनुपर्छ भन्ने विषयमा मूलधारका जनता पनि सहमत भइसकेको अवस्था छ । नेता फेरेर हुन्छ कि नेतृत्व फेरेर हुन्छ यही व्यवस्थाबाटै देश र जनताको हित हुने बाटो खोज्नुपर्छ भन्ने आम नागरिक नै खासमा अहिले पनि सच्चा लोकतन्त्रवादी समूह हो । गणतन्त्र ल्याएर देश र जनतालाई ठूलो गुन लगायौँ भन्नेहरूको अहङ्कार जति अग्लो छ त्यति नै गहिरो उनीहरूको गणतन्त्रप्रतिको प्रतिबद्धता छैन । सिद्धान्त, आचरण र व्यवहारमा एकरूपता छैन । अर्कोतिर गणतन्त्रको श्रेय लिन तँछाडमछाड गरिरहेका पार्टीहरूले पनि आफूलाई निखरा प्रस्तुत गर्न सकिरहेका छैनन् । छिनभरमै कुनै पनि व्यवस्था पल्टिँदैन । प्रजातन्त्र ल्याउँदा होस् वा गणतन्त्र ल्याउँदा होस् मूलधारका जनताले मूल्य चुकाउनु परेको हो । अहिले त्यसरी व्यवस्था फाल्नको निम्ति मूलधारका जनता तातेको अवस्था निश्चय पनि होइन । तापनि गणतन्त्र फाल्छौँ भन्ने र जोगाउनुपर्ने बेला अहिल्यै हो भनेर ठूला क्रान्तिकारी कुरा गर्नेहरूले पनि बुझ्नुपर्ने कुरा हो । यति कुरा निश्चय हो देशमा गणतन्त्रका परिसूचकहरू क्रमश: ओरालो गतिमा छन् । हतारमा निर्णय गर्ने अनि फुर्सदमा पछुताउने नेपालीहरूको स्वभावको प्रतिबिम्ब गणतन्त्रमा पनि देखापरेको हो कि भनेजस्तो छ । देशमा गणतन्त्र किन चाहिएको हो ? गणतन्त्रका आधारभूत मूल्य र मान्यताहरू के के हुन् ? गणतन्त्रको संस्थागत स्थिरताका सबलताका निम्ति हामीबाट के कस्ता कुराहरू गरिनुपर्ने हो ? गणतन्त्रको जग के गर्दा अझै मजबुत बन्न सक्छ । गणतन्त्रका सबल खम्बाहरू के के हुन् ? कहाँ हामी चुकिरहेका छौँ र किन चुकिरहेका छौँ ? भन्ने विषयमा हामी स्पष्ट हुन सकेको अवस्था छैन ।

परिवर्तनको समयमा कति कुरा आवश्यक भएर फेरिन्छन् कति कुराहरू लहडमै फेरिन्छन् । कतै हामी त्यस्तै लहडमा गरिएका निर्णयको शिकार त बनिरहेका छैनौँ भनेर चिन्तन गर्नुको साटो असन्तुष्टहरूलाई गाली गर्ने, उनीहरूलाई सत्ताविरोधी ठान्ने, उनीहरूलाई प्रतिगामी नै मान्ने र सत्ताको सक्दो दुरुपयोग गरेर उनीहरूमाथि डण्डा चलाउन रहर गर्ने नियति नै हामीले आर्जन गरेको गणतन्त्रको प्राप्ति हो भने मूल धारका नागरिक पनि सधैँभरि कुनै सत्ताधारीका भइरहन बाध्य हुँदैनन् । अस्तिको प्रदर्शनमा सरकारले काठमाडौँ खाल्डोलाई दुई भागमा बाँडेर उत्तरपूर्वी मोहोडा गणतन्त्रवादीहरूलाई अनि दक्षिणपश्चिमी मोहोडा गणतन्त्र विरोधीहरूलाई हो जस्तो गरी बनाइदिएको रोचक घटनाले पनि त्यस्तै सूचना गर्दछ । लोकतान्त्रिक गणतन्त्र सबै देशवासीको प्रिय कुरा हुनुपर्नेमा नागरिक चिढाएर साँघुरो दायरामा सशङ्कित मानसिकतामा शासन गर्ने सरकारको सानो चित्त देख्दा निश्चय पनि गणतन्त्रका परिसूचकहरू त्यति उकालो गतिमा छैनन् नै भन्ने बुझ्न सकिन्छ । सानो मुलुकका आफ्ना असीमित बाध्यताहरूमा चलखेल गर्न रुचाउने मित्रशक्ति र शत्रुशक्ति दुवैथरिको रङ्गमञ्च बन्दै गइरहेको देशको अवस्था हेर्दा लाग्छ राजनीति हाम्रो निम्ति दिशा होइन दशा हो । आजभन्दा पचास वर्ष पहिलेसम्म हाम्रोजस्तै हैसियत भएका संसारका धेरै देशहरू उन्नतिको शिखर चढ्दै छन् तर हामीहरूअझै पनि कुन बाटो हिँड्दा राम्रो भन्ने बहसमै सीमित हुन बाध्य छौँ । भन्न त आजसम्मका सबै सत्ता र सबै शासकहरूले हामी हिँडेको वा हामीले हिँडाएको बाटो सही हो । यसै मार्गबाट गन्तव्यमा पुगिन्छ भनेकै छन् र भनिरहेकै छन् तर त्यसको रत्तिभर प्रत्याभूति जनताले गर्न पाएको अवस्था छैन । केही हुँदै भएन भन्नु पनि अतिवादी कुरा होला केही बाटाघाटा बने, सूचना र सञ्चारको केही विस्तार भयो । जनचेतनाको स्तर केही बढ्यो यी केही कुराहरू समयसँगै हुनै पर्ने केही आधारभूत परिवर्तनका कुराहरू भए । देशको नीति र कार्यक्रममा समावेश गर्न थाहा नपाइएका तर समयले दबाब दिँदा फेरिन पुगेका केही कुरामात्र बने ।

हामीले थाहा पाएका धेरै कुराहरू भएनन् देशमा भएका धेरै विकासका आधारहरू भत्किए, उद्योग, कलकारखान बन्द भए, संरचनाहरू हटेहटाइए, देशमा बेरोजगारीको विकराल अवस्था सिर्जना हुँदै गयो । जनताहरू गरिबी र बेरोजगारीको सिकञ्जामा छन् । अनि हामीले देशको उन्नति प्रगतिको सम्भावना खोज्ने क्रममा युवाजनशक्तिलाई निर्यात गर्ने घातक नीति तय गर्‍यौँ र भन्न आँट गर्‍यौँ कि अबदेखि देशबाट हाम्रा होनहार कर्णधारलाई खाडीको बाटो खोल्न सफल भयौँ । फलानो देशले हाम्रा यति युवा र युवतीहरू लैजान सहमत भयो भनेर यसरी मानवशक्तिलाई सस्तो मूल्यमा बेचेर आएको थोरै रेमिट्यान्सको पैसामा सरकार चलाउने कुरामा हामी गौरव गर्ने भयौँ । म अर्थशास्त्रको विद्यार्थी होइन तर विज्ञहरूको भनाइनुसार अहिले देश तिनै सस्तो श्रममा बेचिएका भाइबहिनी भतिजाभतिजीहरूको रेमिट्यान्समा चलिरहेको छ । अरबको तातो बालुवामा ऊँट हेर्न पठाउने नीति लिनुको साटो देशमा भएका उद्योगहरूलाई संस्थागत गर्ने, व्यवस्थित पार्ने, नयाँ उद्योगहरू खोल्ने, देशको अपार जलसम्पदालाई सदुपयोग गर्ने, भौगोलिक एवम् प्राकृतिक सौन्दर्यको वरदान पाएको हाम्रो मुलुकको पर्यटकीय विकास गर्ने,विश्वलाई आफ्नो मुलुकतर्फ आकर्षित गर्ने, सांस्कृतिक वैभवले युक्त देशका सांस्कृति पम्पदाहरूको महत्त्वलाई विश्वका माझ पस्किने, शान्तिदूत गौतमबुद्धको जन्मभूमिको महत्वलाई प्रभावकारी ढङ्गले विस्तारित गरेर बुझाउने, पौरस्त्य वाङ्मयको खानीको रूपमा रहेको यस पुण्यभूमिको ज्ञानपरम्परालाई विस्तार गर्ने, सर्वोच्च शिखरको महिमा र गरिमा बचाउँदै त्यतातर्फ विश्वको ध्यान आकृष्ट गर्ने, कृषिप्रधान देशको कृषिलाई अद्यावधिक गर्दै नयाँ प्रविधिसँग देशको कृषि व्यवशायलाई जोड्ने यी केही हामी सर्वसाधारणले पनि जानेका कुराहरू जसले देशलाई उन्नतिको मार्गमा अग्रसर गराउँथे त्यतातर्फ लोकतन्त्र आएको यतिका वर्षसम्म पनि कुनै प्रभावकारी कार्ययोजना नहुनु, भएका उद्योग कलकारखाना बन्द हुनु, विदशी वस्तुको एकछत्र आयात मात्रैमा निर्भर रहने पराधीन हुने नीति लिनु, कृषिप्रधान देशले विदेशबाट अनाज ल्याएर जनता पाल्ने व्यवस्था गर्नु, धार्मिक र सांस्कृतिक आस्थाले जोडिएको मुलुकलाई यिनै विषयमाथि हात हालेर छिन्नभिन्न पार्नेमात्र होइन यिनै विषयलाई विकासका बाधक ठान्नु र निर्णायक ठाउँमा बसेका व्यक्तिबाट यसैका विपक्षमा अभिव्यक्ति आउनु, भाष, भेष, धर्म, संस्कृति र परम्परागत आस्थालाई जातीय द्रोह सिर्जना गरेरजनतालाई विभाजित गर्ने र राष्ट्रिय संस्कृतिको एकतालाई टुक्र्याउनु, नेपाली काँग्रेसजस्तो ऐतिहासिक, विशाल पार्टी देशको यो हविगत हुँदा आफ्नो कोठरी र गुट खडा गरेर एकापसकै द्वन्द्वमा अल्झिनु, मुलुकका जल्दाबल्दा विषयमा आफ्नो गुणात्मक उपस्थिति जनाउन नसक्नु, कहिले कसको कहिलेकसको साथ लागेर सत्ताको वरपर घुम्ने खेलमा लाग्नु, खासगरी देशका कुनाकुनामा पुगेको यस पार्टीका नेतामा त्यो प्रकारको जनता समेट्ने र देशलाई समृद्धितिर लैजाने ठोस नीति नै नहुनु, असल नेतृत्वको खडेरी पर्नुजस्ता केही दुर्भाग्यले गर्दा देशको वर्तमान परिस्थिति सन्तोषजनक हुन सकेको छैन । देशका अर्थमन्त्रीले बाहिर भनेजस्तो देशको अर्थतन्त्र बिग्रिएको छैन भने भनेर सिंहदरबारबाट विज्ञप्ति निकालेजस्तो देश कहाँ छ र महाशय, न त प्रमले भनेजस्तै हामी समृद्धिको र सुशासनको मार्गमा छौँ । बरू धमिलो पानीमा माछा मार्ने तत्वलाई हामीले प्रश्रय गरिरहेका छौँ । अहिले कतै धर्म गुरुहरूले, कतै ऋणपीडितले, कतै पूर्वसत्ताका आसेपासेहरूले, कतै नयाँ शक्तिका उदयकर्ताहरूले जसरी आफ्ना विचार राख्ने काम गरिरहेका छन् ती सबै अस्वीकार्यमात्रै नहुन सक्छन् । सबैलाई गाली गरेर, सबैलाई गलत प्रमाणित गरेर वा सबैलाई प्रतिगामी ठानेरमात्रै समस्याको निकास ननिस्कन पनि सक्छ । समयमै यस्ता विषयमा सचेत हुन नसकेको अवस्थामा हाम्रो सत्तामा बसेर देखाउने राष्ट्रभक्ति र सडकमा देखाउने क्रन्तिकारीता सबै पनि समाप्त हुन सक्छ । किन कि केही वर्षको अन्तरालमा जनताको धैर्यको बाँध टुट्ने गरेको हामीले देखेका छौँ ।

**-इहिमालय टाइम्स डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउने छ । स्वादिष्ट भोजनपनि पाईनेछ । | **तुला** : धन लाभपनि हुनेछ । मित्रबाट विशेष साथ र सहयोग मिल्नेछ । |
| **वृष** : अकस्मात् धन सम्पत्ति हात पर्ने छ । शुभकार्यको चर्चापनि चल्नेछ । | **वृश्चिक** : पारिवारिक समस्या आइपर्ला। विचार गरी निर्णय लिदाँ ठिक होला । |
| **मिथुन** : बुद्धिले लक्ष्य पहिल्याउन सकिने छ । बोलीले कार्य सम्पादन हुनेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रूची बढ्नेछ। पारिवारिक सद्भा बढ्नेछ । |
| **कर्कट** : जोश जाँगर र हिम्मत बढ्नेछ । सुखद् यात्राको योजना बन्ला । | **मकर** : आफ्नो क्षेत्रमा हक जमाउन सकिनेछ । अतिथीको आगमन हुनेछ । |
| **सिंह** : इच्छा पूर्ण हुनेछन् । धनार्जनका नयाँ योजना र स्रोतहरू पत्ता लाग्नेछन् । | **कुम्भ** : व्यावसायिक काममा राम्रै फड्को मारिनेछ । तिर्थाटनको योगपनि छ । |
| **कन्या** : मनमा शान्ति कान्ति छाउनेछ । पारिवारिक साथ र सहयोग मिल्नेछ । | **मीन** : बोलीको विपरीत अर्थ लाग्नेछ । काम बिग्रने र प्रेममा मनमुटाव आउला । |

# प्रधानमन्त्री दाहाल स्वदेश फिर्ता



**पाल्पा,** मंसिर १७/प्रधानमन्त्री पुष्पकमल दाहाल स्वदेश फर्किएका छन् । मंसिर १३ गते दुबईमा आयोजित जलवायु परिवर्तनसम्बन्धि राष्ट्र संघीय सम्मेलन (कोप-२८) मा भाग लिन गएका दाहाल आईतबार स्वदेश फर्किएका हुन् ।

उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रतिनिधि सभाका सभामुख देवराज घिमिरे, उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, मन्त्रीहरु, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीहरुले स्वागत गरेका थिए । प्रधानमन्त्री दाहाल मंसिर १५ र १६ गते 'विश्व जलवायु शिखर सम्मेलन' को उच्चस्तरीय सत्रमा सहभागी भएका थिए । उनले शनिबार उक्त सम्मेलनलाई सम्बोधन गरेका थिए । सो सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले जलवायु परिवर्तनमा नेपालले अन्याय भोग्नुपरेको उल्लेख गर्दै सो अवस्थाका अन्त्य गर्नुपर्ने बताएका थिए । उनले जलवायु परिवर्तनमा कुनै संलग्नता नरहेको मुलुक र जनतामाथि अन्याय भइरहेको प्रस्ट पारे । जलवायु उत्सर्जनमा शून्य योगदान रहेका नेपालजस्ता मुलुकहरूले जलवायु परिवर्तनको हानिकारक प्रभाव भोग्नुपरेको दाहालको भनाइ थियो । दाहालले नेपालमाथि भएको डरलाग्दो अन्यायका कारण यहाँका जनता पहिरो, बाढी, जंगलको डढेलो, हिमशृंखला पग्लिने, खडेरी आदि जस्ता जलवायुजन्य प्रकोपबाट नराम्ररी प्रभावित भएको बताएका थिए । उनले विकसित मुलुकहरूको गतिविधिका कारण वातावरणमा नकारात्मक प्रभाव परिरहेको र त्यसको असर जलवायुमा देखिएको प्रस्ट पारे । द्याहालले कोप वार्ता प्रक्रियामा पर्वतीय मुलुकका 'एजेन्डा' लाई प्रवर्द्धन गर्न 'हिमालयको आह्वान : जलवायु सङ्कटबाट हामीलाई कसले जोगाउँछ ?' शीर्षकमा उच्चस्तरीय छलफल गरेका थिए ।

# पाल्पामा मनाइयो अपाङ्गता दिवस



**पाल्पा,** मंसिर १७/३२ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस पाल्पामा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ । 'दिगो विकास लक्ष्य प्राप्तिको प्रतिबद्धता, अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्व सहितको ऐक्यवद्धता भन्ने नाराका साथ आइतबार विभिन्न कार्यक्रम गरी दिवस मनाएको हो ।

जिल्लाको रामपुर नगरपालिकाले एक औपचारिक कार्यक्रमको आयोजना गरी दिवस मनाएको छ । कार्यक्रममा रामपुर नगरपालिकाका कार्यवहाक नगर प्रमुख तथा नगर प्रवक्ता कपिलबहादुर खाँणले अपाङ्गता भएका व्यक्तिहरुको लागि निर्माण भएका नीति र कानुन जबसम्म व्यवहारमा कार्यान्व्यन हुँदैन तब सम्म अधिकार सुनिश्चित नहुने बताए । अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न कानुन बने पनि सुविधा नपाउनु दुखद् पक्ष रहेको उनले उल्लेख गरे । खाँणले भने 'फरक क्षमता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण र सम्वर्द्धनका लागि नगरपालिका प्रतिवद्ध छ ।' उनले अपाङ्गता भएका व्यक्तिहरुले आफुलाई कमजोर नसम्झन आग्रह गर्दै दक्ष र सक्षम बन्नु पर्नेमा जोड दिए ।

# वालिङका सबै घरमा...

...सरुवा रोगको संक्रमणको जोखिम न्यूनीकरण गर्दै रोगका बारेमा सचेतना फैलाउन यस अभियानले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास उनको छ । नसर्ने रोगका बारेमा पनि नागरिकलाई सचेत बनाइने भएको उपप्रमुख कविता तिवारी गैह्रेले बताइन् । उनका अनुसार अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाउन प्रत्येक वडामा नर्सहरु खटाइसएिको छ । नर्समार्फत नागरिकमा देखिने मुटुरोग, मनोरोग, पाठेघरको क्यान्सर, स्तन क्यान्सर लगायतका रोगका बारेमा जानकारी दिने र स्वस्थ जीवनशैली कसरी हुनसक्छ भन्ने विषयमा सचेतना जगाउने काम गरिने गैह्रेले बताइन् ।

"सबैभन्दा ठूलो सम्पत्ति नै स्वास्थ्य हो", उनले भनिन्, "यहाँका नागरिकलाई स्वास्थ्यको पहुँचमा ल्याउनका लागि स्वास्थ्यकर्मीलाई घरघरमै पठाएका छौं । प्रत्येक घरमा पुगेर तथ्याङ्क संलन गर्ने र बिरामीलाई आवश्यक परामर्श प्रदान गरिनेछ ।" विशेष गरी ग्रामीण भेगमा बस्ने नागरिकले नसर्ने रोगका कारण अकालमै मृत्युवरण गर्न नपरोस् भन्ने उद्देश्यले यो अभियान अगाडि बढाइएको स्वास्थ्य शाखा प्रमुख कमलप्रसाद पाण्डेले बताए । नगरपालिकाले घरघरमा नम्बर प्लेट टाँससँगै घरका सदस्यको स्वास्थ्य अवस्थाको सबै विवरण राखिने भएकाले पनि पहिचान गर्न सहज हुने उनको भनाइ थियो । *-रासस*


## सूचना ! सूचना !! सूचना !!!

यस मणिमुकुन्द बचत तथा ऋण सहकारी संस्थाबाट कर्जा लिई कारोवार गर्नु हुने सम्पूर्ण ऋणीहरुले नियमित रुपमा बुझाउनु पर्ने साँवा र व्याज संस्थामा बुझाउनु हुन अनुरोध गर्दछौं । यो सूचना प्राप्त भएको मितिले १५ दिन भित्र संस्थामा सम्पर्कको लागि अनुरोध गर्दछौं । अन्यथा संस्थाको नियमानुसार कानूनी कारवाही प्रक्रिया अगाडि बढाउने यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**श्री मणिमुकुन्द बचत तथा ऋण सहकारी सस्था लि.**
**तानसेन-३, पाल्पा**
**सम्पर्क नम्बर: ०७५-५२०७९४ र ०७५-५२२५४५**



## बिमालेख हराएको सूचना

यहि मिति २०८०/०७/०५ गतेका दिन **आइएमई लाइफ इन्स्योरेन्स लि.**को रुपा बरही (सारु) को नाममा जारी बिमा (पोलिसी) नम्बर ५१७०००३५८ को बिमालेख स्याङ्जा कालीगण्डकीको प्यूघादेखि तानसेनतर्फ आउँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम :** रुपा बरही (सारु)
**ठेगाना :** कालीगण्डकी, प्यूघा, स्याङ्जा
**सम्पर्क न :** ९७४२३५८७५८


## खेलकुद समाचार

# युरोकपको ड्र सार्वजनिक




**काठमाडौं,** मंसिर १७/अर्को वर्ष जर्मनीमा हुने युरोकप २०२४ को ड्र सार्वजनिक भएको छ । शनिबार राति भएको ड्र अनुसार साविक विजेता इटली र स्पेन एकै समूहमा परेका छन् । इटली र स्पेनसहित क्रोएसिया र अल्बानिया समूह 'बी' मा छन् ।

इटलीले युरो २०२० को फाइनलमा इंग्ल्याण्डलाई पेनाल्टीसुट आउटमा हराएर उपाधि जितेको थियो । युरोकपमा कूल २४ टिमले प्रतिस्पर्धा गर्नेछन् र उनीहरुलाई ६ समूहमा विभाजन गरिएको छ । आयोजक जर्मनी समूह 'ए' मा छ । यस समूहमा स्कटल्याण्ड, हंगेरी र स्वीट्जरल्याण्ड पनि छन् ।

यस्तै समूह 'सी' मा स्लोभेनिया, डेनमार्क, सर्बिया र इंग्ल्याण्ड छन् । फ्रान्स, नेदरल्याण्ड्स र अष्ट्रिया समूह 'डी' मा छन् । यस समूहको अर्को टिमको टुङ्गो प्लेअफ खेलपछि हुनेछ । प्लेअफ 'ए' को विजेता यस समूहमा पर्नेछन् । यस्तै समूह 'ई' मा बेल्जियम, रोमानिया र स्लोभाकिया छन् भने प्लेअफ 'बी' को विजेता यस समूहमा पर्नेछ । यसैगरी समूह 'एफ'मा टर्की, पोर्चुगल र चेक रिपब्लिक छन् भने प्लेअफ 'सी' को विजेता यस समूहमा पर्नेछ । प्लेअफ 'ए' मा पोल्याण्ड, वेल्स, फिनल्याण्ड र इस्टोनिया, प्लेअफ समूहमा 'बी' मा इजरायल, बोस्निया एण्ड हर्जगोभिना, युक्रेन र आइसल्याण्ड तथा प्लेअफ 'सी' मा जर्जिया, ग्रीस, कजाखस्तान र लक्जेमवर्ग छन। तीनवटै समूहको विजेता मात्र युरो कपमा पुग्नेछन् । युरोकप २०२४ को उद्घाटन खेल घरेलु टोली जर्मनी र स्कटल्याण्डबीच हुनेछ । यो खेल जुन १४ मा म्युनिखस्थित एलिएन्ज एरेनामा हुनेछ । यस्तै फाइनल खेल जुलाई १४ मा बर्लिनको ओलम्पिक स्टेडियममा हुनेछ ।


## वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा सामान्य अंकको गिरावट



पाल्पा, मंसिर १७/यो साताको पहिलो कारोबार दिन नै नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक सात दशमलव २९ अंकले घटेर एक हजार आठ सय ५१ दशमलव २३ को बिन्दुमा सिमित भएको हो ।

विभिन्न दुई सय ९३ कम्पनीका ३४ लाख १९ हजार ७३ कित्ता शेयर ३६ हजार नौ सय ७७ पटक खरिदबिक्री हुँदा रू ९६ करोड ४० लाख १० हजार चार सय ३१ बराबरको कारोबार भएको छ । लघुवित्त समूहमा शून्य दशमलव ०६ प्रतिशतको वृद्धि देखिएको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै म्युचुअल फन्ड समूह एक दशमलव २५ र वित्त समूह शून्य दशमलव ५५ प्रतिशतले घटेको छ । सबैभन्दा धेरै थ्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ६३ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै माउन्टेन इनर्जी नेपाल लिमिटेड र युनाईटेड आइडिआई मर्दी आरबी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू छ करोड ९५ लाख २९ हजार दुई सय ७० बराबरको दुई लाख ३६ हजार सात सय ८८ कित्ता शेयर किनबेच भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्राई, सम्पादक:जगदीशप्रसाद भट्राई